# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

---

## कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना

(मितिः२०८१/०९/११)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/०९/०९ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१ पौष ९ गतेको कार्यपालिका बैठकका

प्रस्तावहरू

१. गत आ.व को मौज्दात रकम विनियोजन, योजना कार्यक्रम संशोधन र रकमान्तर सम्बन्धमा,
२. धवलागिरी गाउँपालिकाको बिनियोजन ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा,
३. आ.व. २०८१/८२ को हालसम्मको प्रगति प्रतिवेदन माथि समिक्षा,
४. विविध,

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा गत आ.व को मौज्दात रकम रू ४ करोड २१ लाख १० हजार बाट पालिकास्तरीय योजना तथा कार्यक्रम अनुसूची -१, वडास्तरीय योजना अनुसूची-२ र योजना तथा कार्यक्रम संशोधन / रकमान्तर अनुसूची -३ लाई पारित गर्न गाउँसभामा पेश गर्ने निर्णय गरियो।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाको विनियोजन ऐन २०८१ लाई संशोधन गर्न बनेको विधेयक लाई पारित गर्नको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८१/८२ को हालसम्मको प्रगति प्रतिवेदनमाथी वृहद छलफल गरियो। पुँजीगत खर्च बढाउनका लागि आवश्यक काम कारवाही अगाडी बढाउन गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।
४. विविध अन्तर्गत देहायबमोजिम हुने गरि निर्णय गरियो।
   क. यस गाउँपालिका र सामाजिक विकास मन्त्रालयबाट बिनियोजित चालु आ.व. २०८१/८२ को बजेट मा व्यवस्था भएबमोजिम ***गाउँ पालिकास्तरीय कभर्ड हल निर्माण*** कार्य धवलागिरी गाउँपालिकाको वडा नं. ३ अन्तर्गतको जग्गा (फलियागाउँ) मा निर्माण गर्न प्रदेश सरकार सामाजिक विकास मन्त्रालयलाई सिफारिस गर्ने,
   ख. धवलागिरि गाउँपालिका वडा नं. ४ अन्तर्गत बुद्धिविकास मा.वि घेरावार निर्माणको रू १३ लाख बरावरको प्राविधिक लागत अनुमान तयार भएको हुँदा गाउँपालिकाबाट सो को ५०% हुन आउने रकम रू ६,५०,०००/- विनियोजन भएको र बाँकी ५०% लागत साझेदारीका लागि जिल्ला समन्वय समिति, म्याग्दीमा अनुरोध गर्ने।
   ग. धवलागिरी गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन निर्देशिका, २०८१ माथि छलफल गरि पारित गर्ने,
   घ. धवलागिरी गाउँपालिकाको कृषि यान्त्रीकरण कार्यक्रम सञ्चालन कार्यविधी, २०८१ माथि छलफल गरि संशोधन सहित पारित गर्ने,

ङ. यस गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा विगत ३० वर्षभन्दा बढी सेवा गर्नुभएका देहाय बमोजिमका शिक्षकहरूलाई करसहित रू ६,७००/-(अक्षरुपी छ हजार सात सय मात्र) सहित प्रमाणपत्रद्वारा सम्मान गर्ने

| क्र.स. | शिक्षकको नाम | विद्यालयको नाम | तह | श्रेणी |
|---|---|---|---|---|
| १ | ठाकुर पौडेल | श्री हेम मा.वि. | नि.मा.वि | द्वितीय |
| २ | भेषनाथ उपाध्याय | श्री कल्लेनी आ.वि | प्राथमिक | द्वितीय |
| ३ | पूर्ण बहादुर भण्डारी | श्री धनजनता मा.वि | प्राथमिक | द्वितीय |
| ४ | मन बहादुर पुन | श्री धवलागिरी मा.वि | प्राथमिक | द्वितीय |
| ५ | कर्णनाथ सुवेदी | श्री हेम मा.वि | प्राथमिक | द्वितीय |
| ६ | खडानन्द शर्मा | श्री जनविकास मा.वि | प्राथमिक | द्वितीय |
| ७ | शुकदेव पौडेल | श्री जगन्नाथ आ.वि | प्राथमिक | द्वितीय |
| ८ | हेमनाथ पौडेल | श्री कोट आ.वि | प्राथमिक | द्वितीय |

च. लेखा समितिको बैठकद्वारा कार्यपालिकामा पेश भएको आ.व. ०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम "फलफूल दशक विरूवा रोपण" कार्यक्रममा औंल्याईएको दफा २७ बमोजिमको बेरूजुका विषयमा छलफल गर्दा सो सम्बन्धमा गाउँपालिकालाई आवश्यक गुणस्तरीय विरूवा (किवी, नासपती र ओखर) मागअनुसार उपलब्ध गराउने नर्सरी म्याग्दी जिल्लामा नभएकोले (कृषि ज्ञानकेन्द्र म्याग्दीद्वारा प्रकाशित पुस्तकको आधारमा) कोटेसन माग गरी न्यून दररेट पेश गर्ने फर्मसँग खरिद गरिएको, म्याग्दी जिल्लाको दररेटमा ओखर, नासपती र किविका विरूवाको जात प्रकृतिबारे स्पष्ट स्पेसिफिकेसन समेत नभएकोले आ.व. ०७९/८० मा खरिद गरिएको किवी, नासपती, र ओखरका विरूवा खरिदमा कुनैपनि अनियमितता नदेखिएको एकीन गरी लेखा समितिको बैठकको निर्णयलाई सदर गर्दै बेरुजु फर्छौट/नियमित गर्नका लागि मिति २०८१/०९/१० गतेको गाउँ सभा पेश गर्ने ।

छ. मिति २०८१ मंसिर २१ गतेको कार्यपालिका बैठकको निर्णय नं. ४ अनुसार ढुङ्गा गिटि बालुवाको आयठेक्का सम्बन्धमा ठेक्कामा सहभागी भई छनौट भएका फर्मले प्रथम किस्ता वापत एकमुष्ठ कबोल रकम भुक्तानी गरेमा कवुल अंकमा १० प्रतिशत छुट दिने गरी शर्त स्वीकृत गर्ने।

ज. म्याग्दी महोत्सवको लागि भलिवल र बास्केटबल खेलमा खेलाडी सहभागी गराउनका लागी खेलाडी प्रशिक्षण, खाना/वास र आवतजावत प्रयोजनार्थ विविध खेलकुद कार्यक्रम खर्च शीर्षकबाट रू ४,००,०००/- (रू चार लाख रुपैंया मात्र) विनियोजन गर्ने,

झ. निर्माण व्यावसायी मार्फत प्रतिस्पर्धामा बाटो सरसफाई गर्ने कार्य प्रकृयारत चरणमा रहेको समयमा वडा नं. ६ मराङको अर्कला, वेसी, ठुलो गाउँ हुँदै राम्चे एवं वडा नं. ३ को सोलवाङ र माईथानमा श्रावण र भाद्र महिनामा अत्यावश्यक सडक सुचारू गर्नका लागि पहिरो तथा बाटो सरसफाई गरेवापत वडा समितिको निर्णय र सिफारिसका आधारमा मोटरबाटो सरसफाई शीर्षकबाट भुक्तानी दिने।

ञ. म्याग्दी महोत्सबमा धवलागिरी गाउँपालिकाको पर्यटकीय डकुमेन्ट्री प्रदर्शनीको लागि अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी हुने गरी डिजिटल बोर्ड खरिद गर्ने र सो जनकल्याण मा.वी वडा नं. १ गुर्जालाई हस्तान्तरण गर्ने।

ट. गाउँपालिका अन्तर्गत वडा नं. २ र लेखा शाखाको लागि मोटरसाईकल आवश्यक परेको हुँदा सवारी साधन खरिद शीर्षकबाट खर्च हुने गरी खरिद कार्य अगाडी बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

ठ. धवलागिरी गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम एवं संघ /प्रदेश समपूरक अनुदान अन्तर्गतका तपसिलका योजनाको खरिद प्रकृया अगाडी बढाउन लागत अनुमान स्वीकृत गरी बोलपत्र आव्हान गर्ने,

| सि.न. | योजनाको नाम | वडा | विनियोजन शीर्षक | विनियोजन शीर्षक | लागत रकम | कै. |
|---|---|---|---|---|---|---|
| १. | मुदी वडा कार्यालय भवन निर्माण | ४ | प्रदेश समपूरक रू ६० लाख | स्थानीय समपूरक कोष ४० लाख | रू १ करोड मात्र | भ्याट/ पी.एस. सहित |
| २. | लुलाङ गुर्जा सडक निर्माण | १,२ | संघीय समपुरक कोष रू ३५ लाख | स्थानीय समपुरक कोष रू ३५ लाख | रू ७० लाख मात्र | भ्याट/ पी.एस. सहित |

ड. निवेदक विर्सना मल्लको निवेदनमाथी छलफल गर्दा यस गाउँपालिका र घरधनी विर्सना मल्लवीच मिति २०७६ पौष १ भएको घरभाडा सम्झौताको वुँदा नं.८ को आधारमा कार्यालयले चर्चेको क्षेत्रभित्र रंगरोगन गर्न निज घरधनीलाई आदेश दिई प्राविधिक नापजाँच समेतको आधारमा घरभाडा खर्च शीर्षकबाट भुक्तानी प्रदान गर्ने।